
**दक्षिण एशियाली श्रृंखलाको सम्पदा**

नेपाल, भारत तथा श्रीलंकाका मानिसहरुका निम्ति












# आश्चर्यमय अग्निको मन्दिर

मा आएर आफ्नो इश्वरीय उद्देश्य प्राप्त गर्नुहोस् ।

सौजन्य: www.onlinechristiantracts.org
अन्य धेरै सुसमाचारीय पर्चाको निम्ति हाम्रो वेबसाइटमा प्रवेश गर्नुहोला
www.christian-tracts.net, www.worldwidechristiantracts.net

मध्य नेपालको उच्च पहाडी भेगमा मुक्तिनाथ भनिने ठाँउ छ। जसको अर्थ "मुक्ति दिने इश्वर" हो। यहाँनेर धेरै धर्मवालम्बिहरु "आश्चर्यमय अग्निको मन्दिर" हेर्नलाई जाने गर्दछन्।

तर अनौठो कुरा, यी तिर्थयात्रीहरुले "मुक्तिको प्रभु" को हुनुहुन्छ भनेर जान्दैनन्, नता आश्चर्य आगो के हो भनेर नै बुझेका हुन्छन्।
२०३७ साल तिर, मैले नेपालमा दुई महिना बिताएँ। कार्तिक मंसिरको दौरान, मैले मेरो स्वीस सहयात्री वेर्नर बौमगार्टनरसँग पोखरादेखि मुक्तिनाथ सम्मको पदयात्रा गरेका थिएँ। पछि, हामीले सगरमाथाको यात्रा पनि संगै गरेका थियौं। पहिलो यात्राको क्रममा नेपालका पहाडहरु छिचोल्दै धेरै दिनपछि हामीहरु हाम्रो गन्तव्य मुक्तिनाथ पुग्यौं। त्यहाँनेर हामीले यो यात्राको लक्ष्यलाई देख्यौं, जसलाई "आश्चर्य आगोको मन्दिर" भनिंदो रहेछ।

यो त पहाडको टाकुरामा भएको साधारण पुरानो भवन रहेछ। धेरै तरिकाले, यो यात्रा अत्यन्तै प्रेरणामय र प्रभावित तुल्याउने प्रकारको थियो, तर त्यो मुक्तिनाथ भित्र रहेको "आश्चर्य आगो" ले भने हामीलाई अलि निरास बनायो। बौद्ध भिक्षुले पर्दा हटाए पछि हामीले यो नेपाली मन्दिर भित्र रहेको ठूलो आकर्षणको सानो आश्चर्यलाई हेर्ने मौका पायौं।

तब हामीले यो "आश्चर्यमय आगोको मन्दिर" को बारेमा यथार्थ थाहा पायौं। कुरा यस्तो रहेछ, त्यहाँनेर धर्तीबाट सानो पानीको मुल फुटेर आएको रहेछ र त्यसैले त्यस पर्दा पछाडी सानो धारा बनेको रहेछ तर त्यहाँ अर्को कुरा पनि थियो। अचम्मको कुरो, माटो भित्रबाट कहिल्यै नटुंगिने प्राकृतिक ग्याँस आउँदो रहेछ र भिक्षुले त्यसलाई सल्काई बत्ती बालिदो रहेछ.....यसैकारण त्यहाँनेर धारा भएको ठाँउमा सधै बलिरहने बत्ती तैरीरहँदो रहेछ।

यो मन्दिरको आश्चर्य भनेकै त्यही रहेछ, यसैकारण यहाँ आगो, पानी, पृथ्वी र वायु तिनीहरुको प्राकृतिक सिद्धान्तको चार आधारभुत तत्वहरुको समिश्रणले गर्दा हिन्दु तथा बौद्ध तिर्थयात्रीहरु अत्यन्तै प्रभावित हुने गर्दा रहेछन्। कल्पना गर्नुहोस त, पानी माथी तैरिएर बलिरहने बत्ती--त्यो पनि सधै भरी ! यो त त्यता पदयात्रामा जाने मानिसहरुको निम्ति झनै असाधारण कुरो हो, होइन र ?

छ महिना पछाडी, म प्रशान्त महासागरमा रहेको गुवाम टापुमा आइपुगें, त्यहाँ म पाँच बर्ष रहेर काम गर्नेवाला थिएँ। म त्यहाँ पुगेको केहि समयको अन्तरालमै येशू खीष्टमा एक साँचो विश्वासी बन्न पुगें र अन्तमा म बाइबलको परिश्रमी विद्यार्थी बन्न पुगें। गुवाम टापुमा मेरो आगमन र मेरो आफ्नै जीवनमा पछि भएको आत्मिक परिवर्तनले

मलाई नौलो बुझाईमा ल्याई पुऱ्यायो। मैले यो कुरा बुझें कि जब परमेश्वरले नै विश्वासीको जीवनमा उहाँको पवित्र आत्मा हालिदिनुहुन्छ तब मात्र यस्तो प्रकारको "आश्चर्यमय आगो" हाम्रो जीवनमा वास्तविकता बनेर आउँदछ।१ यो केवल येशू ख्रीष्टमा भएको विश्वास र प्रार्थनाको कारणले मात्र आउँदछ। तब मानिस उज्यालोद्वारा आशिषित हुनेछ र परमेश्वर को पवित्र आत्माको मन्दिर बन्दछ।२ सुन्दा अनौठो लाग्न सक्छ, जाबो एउटा मानव "आश्चर्यमय आगोको मन्दिर" हुन सक्छ र ? भनेर ! हो हुन सक्छ, यो परमेश्वरमा सम्भव छ, तब मात्र परमेश्वरको पवित्र आत्माको आगो हाम्रो जीवनमा अनन्तसम्म बलिरहनेछ।३

अझ भनौं भने, येशूले तपाईंलाई कहिल्यै नसिद्धिने "जीवित पानी" पनि दिनुहुनेछ, र त्यो तपाईंको जीवनमा अनन्त जीवनको मुहान बन्नेछ।५ जब तपाईले येशू ख्रीष्टमा परमेश्वरको बलिदानलाई बुझेर पापको क्षमा पाउनुभयो, तब तपाईंको सारा पापहरु येशू ख्रीष्टको रगतले पखालिएको छ, र तपाईं परमेश्वरको सामु पवित्र र निष्खोट भइ खडा हुन सक्नुभएको छ। ख्रीष्टको विश्वासी भइसकेपछि पाउनको निम्ति तपाईं योग्य नभए ता पनि तपाईंलाई परमेश्वरले उहाँको पुत्र येशू ख्रीष्टको धार्मिकता राखिदिनुहुनेछ ।

यो परमेश्वरले हामीलाई प्रकट गरिदिनुभएको अदभुत सत्यता हो । हामीलाई यो सत्यता पवित्र धर्मशास्त्र बाइबलमा येशू ख्रीष्ट स्वयमले सिकाउनु भएको छ । पृथ्वी, वायु, अग्नी र पानी जस्तो प्रकृतिक तत्वहरु उदाहरण प्रयोग गरेर परमेश्वरले सामान्य मानिस जातिलाई आश्चर्यमय अग्नीको रुपमा परिवर्तन गराउँदा हामीलाई आश्चर्य लाग्दैन र ? उहाँले यो कसरी गर्नुहुन्छ आउनुहोस् हेरौं...

**पृथ्वी--**तपाईंको मानव शरीर माटोले बनिएको भाँडो जस्तो हो, जसलाई परमेश्वरले पृथ्वीको धुलोबाट रचना गर्नुभयो। यो त तपाईंको आत्माको अस्थायी बासस्थान मात्र हो। तर यसैलाई परमेश्वरले उहाँको पवित्र आत्माको पवित्र मन्दिरमा परिवर्तन गर्न सक्नु हुन्छ।

**वायु--**तपाईंको शरीरमा यी सबथोक छन्। जब तपाईं गर्भमा रचिनुभयो त्यही बेलै परमेश्वरले तपाईंमा जीवनको श्वास हालिदिनुभयो। तपाईंले के बुझ्नुपर्छ भने तपाईं जन्मिए देखिनै तपाईंले निरन्तर रुपमा श्वास फेरिरहनुभएको छ, छैन त ? परमेश्वरको इच्छा बिना तपाईंले एकपल्ट पनि श्वास लिन सक्नुहुन्न । तर पनि आज परमेश्वरले तपाईंलाई वायु भन्दा महत्वको केहि कुरा दिन चाहनुहुन्छ--हो उहाँले तपाईंलाई उहाँको प्रतिज्ञाहरु दिन चाहनुहुन्छ कि तपाईं पनि एकदिन पृथ्वीको वायुमण्डल भन्दा माथी उठ्न हुनेछ र उच्च स्थानमा भएको अस्तित्व थाहा पाउनुहुनेछ । यो नयाँ आयाम हो जसलाई परमेश्वरले

खोज्नेहरुको निम्ति सृजनुभएको छ। तिनीहरुले नै परमेश्वरको स्वर्गमा अनन्त जीवन देख्नेछन्। यो उहाँले धर्मी ठहराइसकेकाहरुको निम्ति सुरक्षित राख्नुभएको छ... र यो कुरो पाउनको निम्ति वायुमात्रैले तपाईंलाई कसरी सहायता पुऱ्याउन सक्छ र ? **वायु** नै निर्णायक तत्व हो जसले कुनै पनि व्यक्तिलाई आश्चर्यमय आगोको मन्दिरमा परिवर्तन गराउन सक्छ......तपाई छक्क पर्नुहोला, "यो कसरी ?" भनेर ।

तपाईंले आफ्नो हृदयमा परमेश्वरको पुत्रमा विश्वास गर्नुभयो, र आफ्नो मुखले परमेश्वरको अगाडी घोषणा गर्नुभयो । येशू नै प्रभु हुनुहुन्छ भनेर घोषणा गर्नको लागि तपाईंको फोक्सोल वायुको प्रयोग गर्दछ...र त्यस पछाडी तपाईंले येशूको लक्ष्य र परमेश्वरको राज्य खोज्नुहुँदा तपाईंको जीवन आत्मिक रुपले "सल्किनेछ" । यसरी कुनै पनि व्यक्तिले आश्चर्यमय आगोको आशिषित र पवित्र मन्दिर बन्नको लागि येशू खीष्टको अनुग्रह र वायुको प्रयोग गर्न सक्दछ ।

**आगो** र **पानी** --यी तत्वहरु परमेश्वर स्वयले दिनुहुन्छ, जसले तपाईंको शरीरभित्र उहाँको अनुग्रहद्वारा उद्धार र उहाँको धार्मिकतासँगै राखिदिनुभएको छ...यो तपाईंलाई सृजनुहुने पवित्र जनले दिनुभएको सितैंको वरदान हो ।

तपाईंको परिवर्तित शरीर, पछि "आश्चर्यमय आगोको मन्दिर" भनेर ठिक प्रकारले वर्णन गर्न सकिनेछ, किनकि त्यसले पवित्र आत्माको चीर स्थायी लप्का र जीवनको पानीको आन्तरिक मुहान दुवै त्यस भित्र रहेको हुन्छ....जसले तपाईं र अन्य मानिसलाई परमेश्वरको राज्यमा डोऱ्याउनेछ ।

येशू खीष्टमा विश्वास गर्ने भएको नाताले, तपाईंले मुख्यतया दुई वटा मुख्य वरदानहहरु पाउनुहुनेछ । तपाईंलाई पवित्र आत्माको आगो दिइएको छ, जुन तपाईं भित्र सदा बलिरहनेछ । तपाईंलाई पिउनको निम्ति जीवनको पानी पनि दिइएको छ, र यो तपाईंको जीवनमा पानीको मुहान बन्नेछ जसले तपाईंको निम्ति परमेश्वरको समुपस्थितिमा अनन्त जीवनसम्म पुग्नेछ ।

हाम्रो पृथ्वीको खीष्टियन विश्वासीहरु पुर्वतर्फको महान र अदभुत यात्रामा सामेल भएका छन्....नयाँ शुरुवात र नयाँ पृथ्वीको यात्रामा ।६ मलाई विश्वास छ तपाईं पनि सामेल हुनुहेछ ।

हाम्रो सेना अझ बढ्दैछन्, र हामी नयाँ भर्नाको प्रतिक्षामा छौं । त्यो त असल हो, किनकि येशूले हामीबाट चाहनुभएको पनि यही हो । रोमानियाको पाष्टर रिचार्ड वुर्मब्राण्डले

आफ्नो पुस्तक रिचिङ टुवार्ड द हाइट्स मा लेख्नुभएभैः "यदि हामीले ठुलो समुहमा एकसाथ चढ्यौं भने, हामीले राम्रो सफलता हात पार्नेछौं ।"

गुवाम टापुमा केही बर्ष बिताईसकेपछि म २०३७ साल तिर विश्वासी भएको हुं। यही सालमा मेरो स्वीस साथी वार्नरले पनि विश्वास गरेको रहेछन्, मलाई त्यो थाहा थिएन। स्वीस पर्वतहरुमा सँगै पाइला टेकिसकेको मेरो पदयात्री मित्र वार्नरले स्वीजरल्याण्डमा सामान्य जीवन बिताउन भन्दा अगाडी एउटा अन्तिम प्रयास स्वरुप एक पर्बतमा पाईला राख्ने निर्णय गर्नुभयो । उहाँले अन्तिम पटक जान चाहनुभएको देश थियो इजिप्ट, र त्यहाँ उहाँले शिनाई पर्वतमा चढने चाहना राख्नुभयो जहाँ धेरै बर्ष अगाडि मोशाले परमेश्वरको हातबाट दश आज्ञा प्राप्त गरेका थिए। त्यही पवित्र पर्वतमा मोशाले आश्चर्यमय आगो ७, ज्वालामय पोथ्रा देखेका थिए जहाँबाट परमेश्वरको आवाज आएको थियो, पछि त्यही पर्बतमा मोशाले दश आज्ञा प्राप्त गरेका थिए। वार्नर शिनाई पर्बतको टाकुरामा पुग्नुभयो, त्यहाँ उहाँले आफ्नो बाइबल पनि लानुभएको थियो, उहाँ टाकुरामा पुगेपछि पढ्न बस्नुभयो ।

उहाँले वचन पढेर परमेश्वरमा प्रार्थना चढाउनु भइसकेपछि उहाँ पवित्र आत्माको शक्तिद्वारा भरिनुभयो । तब उहाँ येशू खीष्टको साँचो विश्वासी बन्नुभयो । जब उहाँ सिनाई पर्वतबाट तल ओर्लनुभयो, मेरो मित्र वार्नरले प्रभु येशूलाई भेट्नुभयो । र उहाँ येशुको मार्गलाई पछ्याउने व्यक्ति बन्नुभयो । उहाँको शरीर परमेश्वरको पवित्र आत्माको आश्चर्यमय आगोको मन्दिर बन्न पुग्यो । यस्तो हुनु आश्चर्यमय हैन र ?

उहाँले लेख्नुभएको कुनै एउटा पत्रबाट मैले के थाहा पाएँ भने कुनै जमानामा वार्नरले स्वीजरल्याण्डमा बाइबल कलेज पनि अध्ययन गर्नुभएको रहेछ । स्वीजर ल्याण्डको मेरो पुरानो हितैसी साथी जोसँग मैले विश्व भ्रमण गरेका थिएँ, उही व्यक्ति पछि गएर स्वीजरल्याण्डको रिफोर्म फ्री चर्चको इभान्जेलिकल पाष्टर पनि हुनुभयो ।

त्यति मात्र होइन, उहाँ टाढा टाढा गएर सुसमाचार प्रचार गर्ने प्रचारक पनि बन्नुभयो, आज पनि उहाँ आफ्नो देशका दुर्गम ठाउँहरुमा "मण्डली संस्थापक" भएर काम गरिरहनुभएको छ । मेरो मित्र वार्नर परमेश्वरको पवित्र आत्माको परिवर्तनकारी शक्तिको एक असल उदाहरण हुनुहुन्छ, तापनि येशूको जन्म पश्चात पृथ्वीमा जन्मेको मानिसको धेरै पुस्ताहरुका बीचमा अनगिन्ति उदाहरणहरु छन् ।

तपाई पनि आफ्नो जीवन परमेश्वरको वचन र उहाँको पवित्र आत्माले भर्नुहोस, तब तपाई बलिरहेको हेर्नलाई मानिसहरु टाढा-टाढाबाट आउनेछन् ।

हामीले हाम्रो साहसिक पदयात्राको समय पुरा गरिसकेपछि हामीहरु दुवै जना येशू खीष्टको साँचो विश्वासीहरु र चेलाहरु हुन पाउनु हाम्रो निम्ति कुनै आश्चर्यको कुरा थिएन। हामीहरु दुवै जनाले यस विश्वभित्र रहेको धेरै देशहरुको सँगै अवलोकन गर्ने मौका पाएका थियौ र हामीलाई राम्ररी थाहा भयो कि यी देशहरुमा परमेश्वरको पुत्रको धेरै खाँचो छ। परमेश्वरको अनुग्रह र उहाँको पवित्र पुत्र येशूको शक्तिद्वारा, वार्नर र म दुवैजना परमेश्वरको पवित्र आत्माको आश्चर्यमय आगोको जीवित मन्दिर हुन पायौं। हामीहरु परमेश्वरको केवल एक पुत्र येशू खीष्टमा भएको विश्वासद्वारा हामीहरु परिवर्तन हुन सक्यौं।

म विश्वासी बनें कारण परमेश्वरको सत्यतासम्म पुग्ने मुलढोका भनेको येशू खीष्ट नै हुनुहुन्छ।८ उहाँ नै परमेश्वरको असिम्ताको अविभावक हुनुहुन्छ र उहाँ नै परमेश्वरको सत्यताको उद्घोषक पनि हुनुहुन्छ।९ जब हामीले उहाँको चेहरा देख्दछौ, हामीले स्वर्गमा बस्नुहुने प्यारो पिताको चेहरा देख्दछौ।१० जब उहाँको वचन सुन्दछौ, तब हामीहरुले स्वर्ग र पृथ्वीबारे सत्य वचनहरु सुन्दछौ।११ येशू खीष्टको आवाज भनेको परमेश्वरको आवाज हो। उहाँ सिद्ध धार्मिकता र पवित्रतामा ढाकिनुभएको छ, उहाँ नै अनन्त सम्मको लागि परमेश्वरको पुत्र हुनुहुन्छ।१२

धर्मको खोजी गर्नेहरुको निम्ति येशू नै अन्तिम गन्तब्य हुनुहुन्छ। उहाँ नै पवित्र जन हुनुहुन्छ। उहाँ नै सत्यताको केवल एक स्रोत र ज्ञानको प्रकाश हुनुहुन्छ। तपाईंको जीवनभरको खोजको लक्ष्य उहाँ नै हुनुहुन्छ, र स्वर्ग जाने मानिसहरुको महान यात्राको अन्तिम लक्ष्य उहाँ नै हुनुहुन्छ। उहाँ नयाँ शुरुवातको स्रोत हुनुहुन्छ।१३....उहाँ इश्वरीय ज्योति हुनुहुन्छ जसले पृथ्वीमा सबैथोकको नवीकरण गर्नुहुन्छ।१४ शैतानको त पहिले देखि धेरै दुष्ट आत्माहरु छन्, तर स्वर्गको पिताले केहीलाई उहाँको योजना अनुसार प्रयोग गर्नुसक्नुहोला। यदि तपाईं परमेश्वरको सन्तान बन्नुभयो भने, म पनि परमेश्वरको घरानाको एक सदस्य बनें ... र येशूको भाइ बन भनेर बढो गर्वसाथ भन्न सक्नुहुनेछ।१५

**अब तपाईं पनि आश्चर्यमय आगोको मन्दिर बन्न सक्नुहुनेछ।**

**के तपाई आज येशूलाई विश्वास गरेर उहाँले तपाईंलाई दिनुहुने जीवनको पानी प्राप्त गर्न चाहनुहुन्छ?**

**नयाँ जन्म पाउने सबैभन्दा भरोसा योग्य माध्यम भनेकै यहि मात्रै हो।**

अन्य मानिसहरुले सोचेको जस्तो जीवनको स्रोत गंगा नदीको पानी भने होइन। वास्तविक जीवनको स्रोत भनेको त येशू खीष्ट हुनुहुन्छ, जसले परमेश्वर मार्फत तपाईंलाई अनन्त जीवन दिनुहुन्छ।१७

येशू प्रभुले भन्नुभयो कि उहाँ अब्राहाम भन्दा पनि पहिला हुनुहुन्थ्यो । "अब्राहाम भन्दा पहिले म थिएँ" १९ भनेर येशूले भन्नुभयो । उहाँले "म र पिता एकै हौं" पनि भनेर जोड दिनुभयो । यदि तपाईं परमेश्वरको स्वभाव बुझ्न चाहनुहुन्छ भने तपाईंले येशूको चेहरा पढ्नुहोस, उहाँले मानिस जातिलाई उहाँको पिताको व्यक्तित्व बताउनुहुन्छ ।२० येशूले घोषणा गर्नुभयो, "बाटो सत्य र जीवन म नै हुँ"२१ म बाहेक अरु कोहिद्वारा पनि पिताकहाँ जान सक्दैन ।२२ स्वर्ग जाने ढोका येशूनै हुनुहुन्छ,२३ र केवल उहाँद्वारा मात्रै कुनैपनि व्यक्ति परमेश्वरको उपस्थितिमा प्रवेश गर्न सक्दछ । हो, उहाँ स्वर्गमा बस्नुहुने हाम्रो परमेश्वर हुनुहुन्छ । उहाँ नै ज्ञानको प्रकाशको ढोका हुनुहुन्छ, जसको माध्यमद्वारा हामी मानिसहरुले परमेश्वरको पवित्र आत्मा पाउन सक्दछौं ।

येशू खीष्टनै हाम्रो ब्रम्हाण्डको महान सत्यता हुनुहुन्छ र हाम्रो ब्रम्हाण्डको ज्योति२४ पनि उहाँ नै हुनुहुन्छ । उहाँले हामीलाई परमेश्वरसम्म जाने मार्ग बताउनुभएको छ जुन मार्गबाट हामीहरु उहाँको पिताको सर्वोच्च स्थानमा पुग्न सक्छौं । येशूले भन्नुभयो उहाँ नै बाटो हुनुहुन्छ, र त्यही बाटोले मात्र स्वर्ग पुऱ्याउँछ । आज संसार भरि दुई अरब भन्दा बढी मानिसहरुले यो पवित्र येशूको इश्वरत्वलाई स्वीकार गरेका छन् जो मानिस जातिको मुक्तिको लागि आउनुभएको थियो । तपाईंले धेरै बर्षसम्म, लगभग आफ्नो सारा जीवनभर सत्यता खोज्नुभएको छ ।

आज तपाईंले येशू खीष्टको सत्यता सुन्नु भएको छ, र तपाईंले ब्रम्हाण्डको ज्योति पनि को हो भनेर थाहा पाउनुभएको छ ।

येशू ससारको ज्योति हुनुहुन्छ,२५ र उहाँले तपाईंलाई घेर्ने अध्यारो र खराब वातावरणलाई उज्यालो बनाउनुहुनेछ, उहाँले नै तपाईंलाई सहि मार्ग पनि देखाउनुहुनेछ । उहाँ तपाईंको मार्गको निम्ति ज्योति र तपाईंको खुट्टाको निम्ति बत्ती हुनुहुन्छ । उहाँ इश्वर हुनुहुन्छ र उहाँ सत्य हुनुहुन्छ, र उहाँ नै परमेश्वरको वचन हुनुहुन्छ । आफ्नो जीवनमा परमेश्वरको सत्यता कसरी प्राप्त गर्ने ? परमेंश्वर जो येशू खीष्टको पिता हुनुहुन्छ, उहाँलाई बाइबलमा भएको पवित्र धर्मशास्त्रहरुको समझशक्ति अनुसार बुझ्न उहाँको पवित्र आत्मा राखिदिउन् भनेर प्रार्थना गर्नुहोस । तब तपाईंले येशू वास्तवमा को हुनुहुंदो रहेछ भनेर जान्नुहुने छ ।

येशू खीष्टलाई आफ्नो हृदयमा निम्त्याएको कारण तपाईंले परमेश्वरबाट अनन्त जीवन पाउनुभएको छ, **जसले त्री-एक परमेश्वर भएर स्वर्ग र पृथ्वी सृजनुभयो।** त्यस्तो स्थान र प्रकार को सम्मान पाउन उहाँ योग्यको हुनुहुन्छ । पहिला उहाँ **पुत्र परमेश्वर** हुनुहुन्थ्यो, तर मानव शरीर

मा जन्मिनुभए पछि आजसम्म जन्मेका मध्ये उहाँ मात्रै पापरहित र धर्मी व्यक्ति हुनुहुन्छ। तापनि उहाँले तपाईंको खातिर सारा दोष र पापहरु बोकेर आफूलाई क्रुशमा झुण्डाउनु भयो, केवल तपाईं र मेरो निम्ति, साथै संसारको सबै मानिसहरुको निम्ति पनि, ताकि **जति जनाले मुक्तिको चाहना गर्छन् तिनीहरु पापको दण्डबाट उम्कन सकुन् ।**

यदि तपाईं परमेश्वरको सन्तान बन्नुभयो भने, म पनि परमेश्वरको घरानाको एक सदस्य बनें ... र येशूको भाई बने भनेर बढो गर्वसाथ भन्न सक्नु हुनेछ ।१५ **यदि तपाईंले संसारको निम्ति परमेश्वरको सुव्यवस्थित योजना स्वीकार गर्नुभयो भने तपाईंले नयाँ सन्तुष्टि र शान्ति प्राप्त गर्नुहुनेछ..किनकि तपाईंले परमेश्वरलाई यस संसारमा भएको सारा थोकको शासक बनाउनु भएको छ......र तपाईंकै जीवनको पनि ।**

यो सबै गर्नको निम्ति केवल हृदयबाट निस्केको साँचो सानो प्रार्थनाको मात्रै खाँचो पर्दछ--र यो प्रार्थना तपाईंको आफ्नै ओठबाट आफ्नै शब्दमा निक्लनुपर्दछ । तपाईंको छुटकारा र परमेश्वरको नेतृत्वको निम्ति प्रार्थना तपाईंको आफ्नो हृदयबाटै निक्लनु पर्दछ । यस्तो प्रार्थना गर्नको निम्ति यी **केहि महत्वपुर्ण. बुँदाहरु** समाबेश गर्नुहास जो यस प्रकार छ:

१) तपाईंले विगतको जीवनको गल्तीहरु र खराबीहरुबाट फर्कने चाहना राख्नुहोस साथै तपाईंको जीवनको सबै पापहरुको पश्चाताप गर्नुहोस ।

२) उहाँको एउटै मात्र प्यारो पुत्र (येशू खीष्ट)को बलिदानद्वारा परमेश्वरको क्षमा र दया पाउने चाहना राख्नुहोस् ।

३) आफ्नो जीवनमा परमेश्वरको अगुवाईको चाहना राख्नुहोस ।

४) बाइबल अध्ययन गरेर परमेश्वरको सत्यता सिक्ने चाहना गर्नुहोस ।

५) साँचो विश्वासीहरुसँग बसेर सँगै संगती गर्ने बानी बसाल्नुहोस ।

तपाईंले उद्धार पाउनुंभएपछि, येशू तपाईंको जीवनको प्रभु र राजा हुनुहुन्छ भनेर थाहा पाउनुहुनेछ । तपाईंले सर्बशक्तिमान परमेश्वरलाई परमेश्वर पिता, परमेश्वर पुत्र, र परमेश्वर पवित्र आत्माको तीन रुपमा देख्नुहुनेछ । उहाँको पवित्र ज्योति तपाईंको आफ्नो जीवनमा र कार्यमा देख्न सुरु गर्नुहुनेछ ।

**येशूले परमेश्वरको जनहरुको बारेमा यसो भन्नुभयो,** "स्वर्गको राज्य समुन्द्रमा हानेको एउटा जाल जस्तो हो, जसमा हर किसिमका माछाहरु पनि पर्दछन् । अनि जाल भरिएपछि मानिसहरुले त्यसलाई तानेर बाहिर निकाल्छन्, र **बसेर असल जतिलाई भाँडामा जम्मा**

**गर्छन्, र खराब जतिलाई बाहिर फ्याँक्छन् । युगको अन्त्यमा यस्तै हुनेछ,** स्वर्गदुतहरुले आएर दुष्टहरुलाई धर्मीहरुका बीचबाट छुट्याउनेछन् ।"
यो खण्ड मत्तीको पुस्तकबाट लिइएको हो, मत्ती येशूको बफादार चेला थिए । (१३:४७-५०) ।

**येशूले परमेश्वरका जनहरु गुप्तमा बढ्ने बिऊ जस्तो हुन् भनेर बताउनुभयो,** "परमेश्वरको राज्य यस्तो हो-कुनै एउटा मानिसले बिउ छर्छ, र उ सुते पनि र जागा रहेपनि रातदिन त्यो बिऊ चाहिँ टुसाउँछ र बढ्छ, तर त्यो कसरी बढ्छ, सो उसले जान्दैन, जमिन् आफैंले उमार्छ, पहिले टुसा, त्यसपछि बाला, तब बालामा पुरा दाना लाग्छ। तर **जब अन्न पाक्छ,** तब तुरन्तै उसले हँसिया लगाउन थाल्छ, किनभने **फसलको बेला** आईपुगेको हुन्छ।" यो खण्ड मर्कूसको पुस्तकबाट लिइएको हो (४:२६-२९) ।

**सगरमाथाको चुचुरोमा चढ्नु भन्दा बढी महत्व...**

**मानिसले चन्द्रमालाई छुनुभन्दा बढी महत्व...**

**मानिस मंगल ग्रहमा पुग्न भन्दा बढी महत्व...**

**परमेश्वर पृथ्वीमा आउनु हो** । यहि यात्राबाटै परमेश्वरले मानिस जातिको लागि मुक्ति ल्याउनुभयो । येशू खीष्ट मानव शरीरमा जन्मिनु भए पछि परमेश्वर हामीहरुसँग केही समय रहनुभयो, र यस पृथ्वीमा उहाँको आगमनले सारा संसारलाई परिवर्तन गरायो । उहाँ सदा आफ्नो चेलाहरुसँग बस्ने योजना गर्नुहुन्छ, स्वर्गमा मात्र होइन, तर नयाँ पृथ्वीमा पनि जुन आउनेवाला छ ।

**येशू खीष्ट मानव शरीरमा यस संसारमा हिड्नुहुँदा परमेश्वर पनि उहाँमा हुनुहुन्थ्यो ।** हामीलाई स्वर्गको बाटो देखाउनको निम्ति नै परमेश्वरले पृथ्वीको यात्रा गर्नुभयो...साथै हाम्रो भविष्यको निम्ति उहाँले तयार पार्नुहुने नयाँ पृथ्वीमा पनि ।

**उहाँको ज्योति हामीहरुको बिचमा रहेको छ ।**

# लेखकको पत्र

मानिस जातिको निम्ति "आश्चर्यमय आगो" उसको जीवनमा एउटा वास्तविकता तब बन्छ जुन बेला परमेश्वरले आफ्नो पवित्र आत्मा विश्वासीको जीवनमा पठाउनुहुन्छ। यो येशू ख्रीष्टमा विश्वास र प्रार्थनाद्वारा मात्र आउँदछ। तब मात्रै मानिसको जीवन परमेश्वरको पवित्र आत्माको मन्दिर बन्नपुग्छ। सुन्दा एउटा मानिस कसरी "आश्चर्यमय आगोको मन्दिर" बन्न सक्छ भनेर अचम्म लाग्न सक्छ। यो कसरी भने परमेश्वर पवित्र आत्माको आगो तपाईंमा निरन्तर बलिरहेर हो।

हो, येशू ख्रीष्टले तपाईंलाई पनि कहिल्यै नसुक्ने "जीवित पानी" दिनु सक्नुहुन्छ, र त्यही तपाईंको जीवनमा अनन्त जीवनको मुहान बन्नेछ।

येशू ख्रीष्टको आवाज भनेको परमेश्वरको आवाज हो। उहाँ सिद्ध, धार्मिकता र पवित्रतामा ढाकिनुभएको छ, उहाँ अनन्त सम्मको लागि परमेश्वरको पुत्र हुनुहुन्छ।

शैतानको त पहिल्यै देखि धेरै सन्तानहरु छन्, तर स्वर्गको हाम्रो पिताले ती मध्ये धेरैलाई येशू ख्रीष्ट द्वारा आफ्नो राज्यमा ल्याउनु हुनेछ । यदि तपाई परमेश्वरको सन्तान बन्नुभयो भने, म पनि परमेश्वरको घरानाको एक सदस्य बनेँ ... र येशूको भाइ भएँ भनेर बडो गर्वसाथ बोल्न सक्नुहुनेछ ।



मुक्तिनाथ स्थित "आश्चर्यमय अग्निको मन्दिर", नेपाल

तस्विर: केन्ट स्ट्रीट

उहाँको सेवामा,

**केन्ट स्ट्रीट**

**पृथ्वीको शिखरहरु भन्दा अझ चुनौतीपुर्ण...**
**चन्द्रमाको पहाडहरुभन्दा अझ चुनौतीपुर्ण...**

**चेलाहरुका निम्ति परमेश्वरको इश्वरीय योजना हो...** हामीहरु सबै जनाले हामी भित्र येशू ख्रीष्टको पवित्र आत्मा र हाम्रो पछाडी हामीले कूश बोकेर हिड्नु हो। यो बोझ हो र हामी जहाँ गए पनि त्यसलाई बोकेर हिड्नु पर्छ, तर यो त्यति गह्रौं भने छैन। जसै हामीहरु पृथ्वीमा थोरै समयको लागि हिड्छौ, तब हामीले जति मानिसहरुलाई भेट्दछौं ती सबैलाई येशूको बारेमा बताउनुपर्छ ।.....यसरी सारा पृथ्वी भरी परमेश्वरको प्रेम देखाउनु पर्छ ।

**<u>यो पर्चा बारेमा केहि शब्द</u>**

यो पर्चा OCTO तथा अर्थ ट्रेकर्स मिशन अन्तर्गत बितरण भएको हो, यो पृथ्वीका बिभिन्न राष्ट्रहरुमा येशूको सुसमाचारको निम्ति हो । यो पुरानो "स्ट्रीट पर्चाहरु"को स्मरणोत्सव संस्करणको अंश हो, जसलाई पहिला अर्थ ट्रेकर्स भर्सन भनेर पनि चिनिन्थ्यो । यही नाममा WCTN को अर्थवार्ड आउटरिच भर्सनको एक अंशको रुपमा पहिल्यै देखि थियो तर अलि भिन्दै स्वरुपमा।

हाम्रो पृथ्वीको ख्रीष्टियन विश्वासीहरु सबै जना पर्वततर्फको महान यात्रामा हिँडिरहेका छन्। यो यात्रा नयाँ शुरुवात र नयाँ पृथ्वीसम्म हो। मलाई विश्वास छ यो यात्रामा तपाईं पनि सामेल बन्नुहुनेछ। म विश्वासी बने कारण परमेश्वरको सत्यता सम्म पुग्ने मुलढोका भनेको येशू ख्रीष्ट नै हुनुहुन्छ। उहाँ नै परमेश्वरको असिम्ताको अविभावक हुनुहुन्छ र उहाँ नै परमेश्वरको सत्यताको उद्घोषक पनि हुनुहुन्छ । जब हामीले उहाँको चेहरा देख्दछौ, हामीले स्वर्गमा बस्नुहुने प्यारो पिताको चेहरा देख्दछौं। जब उहाँको वचन सुन्दछौं, तब हामीले स्वर्ग र पृथ्वी बारे सत्य वचनहरु सुन्दछौं।

The Highest Realms श्रृंखला अन्तर्गतको अर्थ ट्रेकर्स पर्चाहरु:
गुप्त राज्य: शहरको साँचो
बादल भन्दा माथि: सम्पदा विश्वको चुचुरोमा
पलायन स्वर्गीय शहरतर्फ : ताराले बनाएका बाटोहरु
ज्ञानको प्रकाशको गुरुहरु: उहाँले स्वर्ग र पृथ्वी देखिसक्नु भयो।
शक्तिशाली पर्वतमा: कडा चट्टानमाथिको पाईलाहरु

बफादार यात्रीहरुको प्रकाशहरुः पर्वतारोहण सम्बन्धि कुशल निर्देशनहरु
हरित ग्रहको निम्ति समय बचाउनुहोसः एक परिवर्तित विश्व बगैचा
विश्व ब्रम्हाण्डको नक्शाहरुः सौर राजाको राज्य
The Highest View: शृङखला अन्तर्गतको अर्थ ट्रेकर्स पर्चाहरुः
The Highest View: संसारमा मृत्यु रोग र पतन किन ?
The Highest View: दुःख र विपत्ती पृथ्वीमा किन आइरहन्छ ?
The Highest View: पृथ्वीमा दुष्टताको वृद्धि किन ?
The Highest View: पृथ्वीमा महाप्रलय किन ?
The Highest View: पृथ्वीमा यति धेरै विपत्तीहरु किन ?
The Highest View: पृथ्वीको अन्त किन त्यसको शुरुवात जस्तो हुँदैछ ?
The Highest View: किन अन्तको दिनले सारा दुष्टता खतम पार्नेछ ?

यदि तपाईंलाई हाम्रो सेवकाइमा सहायता गर्न अगुवाइ भएको छ भने, हाम्रो लागि प्रार्थना गरिदिनुहोस र यो निरन्तर सुसमचारीय पर्चा बितरण कार्य अझ बढ्न सकोस भनेर सहायता गर्न सक्नुहुनेछ । कृपया यसको निम्ति हामीसँग सम्पर्क गर्नहोस । तपाईंले उपलब्ध गराउनु भएको आर्थिक सहायताद्वारा हामी यस्ता धेरै सुसमाचारीय पुस्तिाकाहरु पुनः प्रकाशन गर्नेछौं ।

**नेपाल भित्रै सम्पर्क गर्नु परेः**

खीष्टमा नयाँ यात्रा,
जि पि ओ ८९७५, इ पि सी २०३०,
काठमाण्डौ नेपाल,
newjourneyinchrist@hotmail .com

**अमेरिकामा पत्राचार गर्नु परेः**

R K Street, Jr.
211 East Lebanon St.
Mount Airy, NC 27030 USA

हामीले यो पनि सम्झनु जरुरी छ कि
१) प्रार्थनाद्वारा **हामीहरु परमेश्वरसँग बोल्दछौंः**
२) पवित्र धर्मशास्त्र मार्फत **परमेश्वर हामीहरुसँग बोल्नुहुन्छ ।**

**यसैकारण सम्भव भएसम्म हामीहरु परमेश्वरको वचन पढिरहनु पर्दछ ।**

हामी बाँचिरहेको यो ब्रम्हाण्डको बारेमा नजानेको कुराहरु जान्नको निम्ति तपाईंले गर्नुभएको लामो खोजको निम्ति परमेश्वरले तपाईलाई आशिष दिन चाहनुहुन्छ । यसैकारण उहाँको ज्ञानको प्रकाश र अनुग्रह दिएर तपाईंको खोजको निम्ति तपाईंलाई इनाम दिएको म देख्न चाहन्छु ।

## यस पुस्तकमा प्रयोग गरिएका बाइबलको पदहरु

**१.** "जब पेन्तिकोसको दिन आयो, तिनीहरु सबै एकै ठाउँमा भेला भएका थिए। अनि स्वर्गबाट ठूलो बतासको झोक्काजस्तै एउटा आवाज आयो, र तिनीहरु बसेको पुरा घरै भरिदियो। आगोका जिब्राहरु जस्ता तिनीहरु कहाँ देखा परे, र भाग-भाग भएर तिनीहरु हरेक माथि बसे। अनि तिनीहरु सबै जना पवित्र आत्माले भरिए, र पवित्र आत्माले तिनीहरुलाई दिनुभएको उच्चारण बमोजिम तिनीहरु अन्य भाषाहरुमा बोल्न लागे" प्रेरित २:१-४।

**२.** "तिमीहरुको शरीर पवित्र आत्माको मन्दिर हो, जुन पवित्र आत्मा तिमीहरुले परमेश्वर बाट पाएका छौ, र उहाँ तिमीहरुका बीचमा बास गर्नुहुन्छ भन्ने के तिमीहरुलाई थाहा छैन ? तिमीहरु स्वयं आफ्नै होइनौ। तिमीहरु मोल तिरेर किनिएका हौ। यसकारण तिमीहरुको शरीरमा परमेश्वरको महिमा गर। १ कोरिन्थी. ६:१९-२०

**३.** "अनि परमेश्वरको पवित्र आत्मालाई दु:खित नतुल्याओ, जसमा उद्धारको दिनको निम्ति तिमीहरु छाप लगाईएका छौ" एफिसी ४:३०।

**४.** "हे परमप्रभु, इस्राएलका आशा, तपाईंलाई त्याग्नेहरु सबै लाजमा पारिनेछन्, तपाईं देखि तर्किजानेहरु सबै धुलोमा लेखिएका नाउहरु जस्ता हुनेछन्। किनभने तिनीहरुले परमप्रभु, जीबित पानीको मुललाई त्यागेका छन्"यर्मिया १७:१३। येशूले त्यसलाई भन्नुभयो, 'तिमीले परमेश्वरको वरदान र तिमीसँग पानी माग्ने व्यक्तिलाई चिनेको भए तिमीले उससंग माग्ने थियौ, र उसले तिमीलाई जिउँदो पानी दिने थियो। त्यस स्त्रीले उहाँलाई भनी, "हजुर, तपाईंसित उघाउने भाँडो छैन, र इनार पनि गहिरो छ। तब तपाईंले कहाँबाट त्यो जिउँदो पानी ल्याउनु हुन्छ ? के तपाईं हाम्रो पुर्खा याकुब भन्दा ठूला हुनुहुन्छ ? उनले हामीलाई यो इनार बनाइदिए, र उनी आफैंले, उनको सन्तान र उनका गाई-बस्तुले यही इनारको पानी पिए।"। येशूले त्यसलाई भन्नुभयो, "यो पानी पिउने प्रत्येक फेरी तिर्खाउनेछ, तर जस-जसले मैले दिने पानी पिउँछ त्यो कहिल्यै तिर्खाउनेछैन। जुन पानी म त्यसलाई दिनेछु, त्यो त्यसमा अनन्त जीवनको निम्ति उम्रीरहने पानीको मुल बन्नेछ" यूहन्ना ४:१०-१४।

**५.** "जस-जसले मैले दिने पानी पिउँछ त्यो कहिल्यै तिर्खाउने छैन। जुन पानी म त्यसलाई दिनेछु त्यो त्यसमा अनन्त जीवनको निम्ति उम्रीरहने पानीको मुल बन्नेछ"। यूहन्ना ४: १४। अब चाडको पछिल्लो दिन, अर्थात् चाडको प्रमुख दिनमा, उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो,

यदि केही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस् । जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भने अनुसार 'त्यसको अन्तस्करणबाट जिउँदो पानीको खोलाहरु बगि निस्कने छन्' " । तर यो कुरा उहाँले पवित्र आत्माको बारेमा भन्नुभएको थियो, जुन पवित्र आत्मा उहाँमाथि विश्वास गर्नेहरुले प्राप्त गर्न लागेका थिए । किनकि पवित्र आत्मा अहिलेसम्म दिइएको थिएन, किनभने येशूको महिमा अझसम्म भएको थिएन यूहन्ना ७:३७-३९ ।

**६.** उहाँले मलाई भन्नुभयो, "अब सिद्धियो । म अल्फा र ओमेगा हुँ । तिर्खाउनेहरुलाई जीवनका पानीको फोहराबाट म सित्तैमा दिनेछु ।" प्रकास २१:६, आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाई भएतापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चाताप गरुन् भन्नेइच्छा गरेर प्रभु तिमीहरु प्रति धैर्यवान् हुनुहुन्छ । तर प्रभुको दिन त चोर झै गरी झट्टै आउनेछ, जसमा आकाश चाहिँ ठुलो आवाजसाथ बितिजानेछ, तत्वहरु आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भस्म हुनेछन् । यी सबै कुराहरु यसरी पग्लन्छन् भन्ने जानेर पवित्रता र भक्तिको जीवनमा तिमीहरु कस्ता किसिमका मानिस हुनुपर्छ ? तिमीहरु परमेश्वरको दिन प्रतीक्षा गर्दछौ, र त्यस दिनलाई नजीक ल्याउन चाहन्छौ, जुन दिन आकाशहरु जलेर भस्म हुनेछन्, र तत्वहरु आगोको रापमा पग्लनेछन् । तर उहाँको प्रतिज्ञाबमोजिम हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौं, जसमा धार्मिकताले बास गर्छ । २ पत्रूस ३:९-१३, तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए । समुन्द्र त अब छँदैथिएन । प्रकाश २१:१

**७.** मोशाले आफ्नो ससुरा मिद्यानका पुजाहारी यित्रोका भेडाबाखा चराइरहेका थिए, र तिनले भेडा बाखा चराउँदै उजाडस्थानको पारितिर परमेश्वरको पर्वत, अर्थात होरेबसम्मै लगे । त्यहाँ जलिरहेको एउटा पोथ्राको ज्वालामा परमप्रभुका दुत तिनीहरुकहाँ प्रकट भए, र तिनले पोथ्रालाई हेरे । त्यो पोथ्रा जलिरहेको थियो-तापनि भस्म हुँदैनथ्यो । मोशाले भने, "अब म छेवैमा गएर यो गजबको दृश्य हेर्नेछु । त्यो किन भस्म हुँदोरहेनछ ?" जब हेर्नलाई तिनी त्यतातिर लागेका परमप्रभुले देख्नुभयो, तब परमेश्वरले पोथ्राको बीचबाट "मोशा, ए मोशा" भनेर तिनलाई बोलाउनुभयो । अनि तिनले भने "म यहीँ छु" । तब परमेश्वरले भन्नुभयो, "यता नजिक नआइज । तेरो खुट्टाबाट जुत्ता फुकाल्, किनभने तँ उभिएको यो ठाउँ पवित्र भूमि हो ।" उहाँले अझै भन्नुभयो, "म तेरा पिता-पुर्खाका परमेश्वर हुँ ।" तब मोशाले आफ्नो मुख ढाके, किनकि तिनी परमेश्वरलाई हेर्न डराए । प्रस्थान ३:१-६

८. साँघुरो ढोकाबाट भित्र पस, किनभने विनासमा पुऱ्याउने ढोका फराकिलो हुन्छ, र यसबाट भित्र पस्नेहरु धेरै हुन्छन्। किनभने जीवनमा पुऱ्याउने ढोका साँघुरो हुन्छ र बाटो कठिन हुन्छ, जसले चाहिँ जीवनमा पुऱ्याउँछ, र त्यो भेट्टाउने थोरै नै हुन्छन्, मत्ती ७:१३-१४। यसकारण येशूले फेरी तिनीहरुलाई भन्नुभयो, "साच्चै, म तिमीहरुलाई भन्दछु, भेडाहरुको ढोका मै हुँ। म भन्दा अघि आउने सबै चोर र डाँकुहरु हुन्, तर भेडाहरुले तिनीहरुको स्वर सुनेनन्। ढोका म नै हुँ, यदि कोही मानिस मबाट भित्र पस्यो भने त्यो बचाइनेछ, र भित्र-बाहिर आउने-जाने गर्नेछ र खर्कमा चर्न पाउनेछ। यूहन्ना १०:७-९१२. "हेर, म चाँडै आउँदैछु। हरेक मानिसलाई उसले गरेअनुसार दिने प्रतिफल मसँग छ। म अल्फा र ओमेगा, पहिलो र पछिल्लो, आदि र अन्त्य हुँ। जीवनको वृक्षको हक पाउन र शहरका ढोकाहरुबाट भित्र पस्न पाऊँ भनी आफ्ना वस्त्र धुनेहरु धन्यका हुन्। बाहिर चाहिँ कुकुरहरु, मन्त्रतन्त्र गर्नेहरु, व्यभिचारीहरु, हत्याराहरु, मुर्तिपुजकहरु र असत्य मन पराउने र त्यसै मुताविक चल्नेहरु रहन्छन्। "म येशूले आफ्ना दुतलाई तिमीकहाँ मण्डलीहरुका निम्ति यो गवाही दिन पठाएको छु। दाऊदका मूल र सन्तान, अनि बिहानको चहकिलो तारा म नै हुँ," प्रकाश २२:१२-१६।

९. "मैले तिमीहरुलाई पृथ्वीका कुरा भने, र पनि तिमीहरु बिश्वास गर्दैनौ, त तिमीहरुलाई स्वर्गका कुरा बताएँ भने कसरी बिश्वास गर्न सक्छौ ? स्वर्गबाट ओर्ली आउने मानिसको पुत्रबाहेक कोही पनि स्वर्गमा उक्लेको छैन। यूहन्ना ३:१२-१३। "आफ्नो इच्छा पुरा गर्न म स्वर्गबाट ओर्लीआएको होइन, तर मलाई पठाउनहुनेको इच्छा पुरा गर्न आएको हुँ। र मलाई पठाउनुहुनेको इच्छा यो हो, कि उहाँले मलाई दिनुभएकाहरु मध्ये कसैलाई पनि म नगुमाऊँ, तर अन्तको दिनमा जीवित पारुँ। किनभने मेरा पिताको इच्छा यो हो, कि पुत्रलाई हेर्ने र उसमाथि बिश्वास गर्ने प्रत्येकले अनन्त जीवन प्राप्त गरोस्, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु" यूहन्ना ६:३८-४०। येशूले यी सबै कुरा मानिसहरुलाई दृष्टान्तमा भन्नुभयो। बिना दृष्टान्त उहाँले तिनीहरुलाई केही पनि भन्नुभएन। अगमवक्ता द्वारा यसरी भनिएको वचन पुरा भयो: "म आफ्नो मुख दृष्टान्तहरुमा खोल्नेछु, संसारको उत्पत्तिदेखि लुकाइराखेका कुरा म जाहेर गर्दछु," मत्ती १३:३४-३५।

१०. "पितालाई कुनै मानिसले देखेको छैन, केवल उसले मात्र देखेको छ जो परमेश्वरबाट आएको हो, उसैले पितालाई देखेको छ," यूहन्ना ६:४६। तिमीहरुले मलाई चिनेका भए, मेरा पितालाई पनि चिन्नेथियो। अबदेखि उसो उहाँलाई चिन्दछौ, र उहाँलाई देखेका छौ"। फिलिपले उहाँलाई भने, "हे प्रभु, हामीलाई पिता देखाइदिनुहोस्। त्यती भए हामीलाइ पुग्छ।"

येशूले तिनलाई भन्नुभयो, “फिलिप, यतिको समयसम्म म तिमीहरुसँग छु, तैपनि तिमीले मलाई चिन्दैनौ ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ। तिमी कसरी भन्न सक्छौ, ‘हामीलाई पिता देखाइदिनुहोस् ?’ म पितामा छु, र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौ ? जुन बाणी म तिमीहरुलाई भन्दछु, त्यो मैले मेरा आफ्नै अधिकारमा बोलेको होइन तर ममा बास गर्नुहुने पिताले आफ्नो काम गर्नुहुन्छ। मलाई विश्वास गर, कि म पितामा छु, र पिता ममा हुनुहुन्छ। नत्रभने यी कामहरुकै खातिर विश्वास गर,” यूहन्ना १४:७-११ ।

**११.** “मैले तिमीहरुलाई पृथ्वीका कुरा भनें, र पनि तिमीहरु विश्वास गर्दैनौ, त तिमीहरुलाई स्वर्गका कुरा बताएँ भने कसरी विश्वास गर्न सक्छौ ? स्वर्गबाट ओर्ली आउने मानिसको पुत्रबाहेक कोही पनि स्वर्गमा उक्लेको छैन,” यूहन्ना ३:१२-१३

**१२.** “हेर, म चाँडै आउँदैछु। हरेक मानिसलाई उसले गरेअनुसार दिने प्रतिफल मसँग छ। म अल्फा र ओमेगा, पहिलो र पछिल्लो, आदि र अन्त्य हुँ। जीवनको वृक्षको हक पाउन र शहरका ढोकाहरुबाट भित्र पस्न पाऊँ भनी आफ्ना वस्त्र धुनेहरु धन्यका हुन्। बाहिर चाहिँ कुकुरहरु, मन्त्रतन्त्र गर्नेहरु, व्यभिचारीहरु, हत्याराहरु, मुर्तिपुजकहरु र असत्य मन पराउने र त्यसै मुताबिक चल्नेहरु रहन्छन्। “म यशूले आफ्ना दुतलाई तिमीकहाँ मण्डलीहरुका निम्ति यो गवाही दिन पठाएको छु। दाऊदका मुल र सन्तान, अनि बिहानको चहकिलो तारा म नै हुँ,” प्रकाश २२:१२-१६ ।

**१३.** “सिंहासनमा विराजमान हुनुहुनेले मलाई भन्नुभयो, “हेर, म सबै कुरा नयाँ तुल्याउनेछु।” उहाँले यसो पनि भन्नुभयो, “यो लेख, यी कुराहरु भरपर्दा र सत्य छन्। उहाँले मलाई भन्नुभयो, “अब सिद्धियो। म अल्फा र ओमेगा हुँ, आदि र अन्त्य मनै हुँ। तिर्खाउनेहरुलाई जीवनका पानीको फोहराबाट म सित्तैमा दिनेछु।” प्रकाश २१:५-६

**१४.** “येशूले तिनीहरुलाई भन्नुभयो, “साच्चै, म तिमीहरुलाई भन्दछु, तिमीहरु जो मेरो पछि लागेका छौ, नयाँ सृष्टिमा जब मानिसको पुत्र आफ्नो महिमाको सिंहासनमा बस्नेछ, तब तिमीहरु पनि बाह्र सिंहासनमा बस्नेछौ, र इस्राएलका बाह्र कुलमाथि इन्साफ गर्नेछौ। मत्ती १९:२८

**१५.** “तर उहाँसंग बोल्नेलाई येशूले भन्नुभयो, “मेरी आमा को हुन् ? मेरा भाइहरु को हुन् ? अनि उहाँले आफ्नो हातले चेलाहरुलाई देखाउँदै भन्नुभयो, “हेर मेरी आमा र मेरा भाइहरु। किनभने जसले स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्दछ, त्यहीनै मेरा भाइ, र मेरी बहिनी, र मेरी आमा हुन्।” मत्ती १२:४८-५०

**१६.** उहाँले मलाई भन्नुभयो, "अब सिद्धियो । म अल्फा र ओमेगा हुँ, आदि र अन्त्य म नै हुँ । तिर्खाउनेहरुलाई जीवनका पानीको फोहराबाट म सित्तैमा दिनेछु ।" पवित्र आत्मा र दुलही भन्नुहुन्छ, "आउनुहोस् ।" जसले सुन्छ त्यसले भनोस्, "आउनुहोस् ।" जो तिर्खाउँछ त्यो आओस्, जसले इच्छा गर्छ त्यसले जीवनको पानी सित्तैमा लिओस् ।" प्रकाश २१:६ प्रकाश २२:१७ येशूले यी सबै कुरा मानिसहरुलाई दृष्टान्तमा भन्नुभयो । बिना दृष्टान्त उहाँले तिनीहरुलाई केही पनि भन्नुभएन । अगमवक्ता द्वारा यसरी भनिएको वचन पुरा भयो: "म आफ्नो मुख दृष्टान्तहरुमा खोल्नेछु, संसारको उत्पत्तिदेखि लुकाइराखेका कुरा म जाहेर गर्दछु," मत्ती १३:३४-३५ ।

**१७.** "त्यस स्त्रीले उहाँलाई भनी, "हजुर, तपाईंसित उघाउने भाँडो छैन, र इनार पनि गहिरो छ । तब तपाईंले कहाँबाट त्यो जिउँदो पानी ल्याउनुहुन्छ ? के तपाईं हाम्रा पुर्खा याकुबभन्दा ठूला हुनुहुन्छ ? उनले हामीलाई यो इनार बनाइदिए, र उनी आफैंले, उनका सन्तान र उनका गाई-बस्तुले यही इनारको पानी पिए ।" येशूले त्यसलाई भन्नुभयो, "यो पानी पिउने प्रत्येक फेरी तिर्खाउनेछ, तर जस-जसले मैले दिने पानी पिउँछ त्यो कहिल्यै तिर्खाउने छैन । जुन पानी म त्यसलाई दिनेछु त्यो त्यसमा अनन्त जीवनको निम्ति उम्रीरहने पानीको मुल बन्नेछ" यूहन्ना ४:११-१४ । अब चाडको पछिल्लो दिन, अर्थात् चाडको प्रमुख दिनमा, उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो, "यदि कोहि तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस् । जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भने अनुसार 'त्यसका अन्तस्करणबाट जिउँदो पानीको खोलाहरु बगिनिस्कनेछन्," यूहन्ना ७:३७-३८ ।

**१८.**येशूले तिनीहरुलाई भन्नुभयो, "साच्चै म तिमीहरुलाई भन्दछु, अब्राहाम हुनुभन्दा अघिबाटै म छँदैछु," यूहन्ना ८:५८ ।

**१९.** "पिता र म एक हौं," यूहन्ना १०:३० ।

**२०.** "पिता र म एक हौं," यूहन्ना १०:३० ।

**२१.** "येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ । मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन," यूहन्ना १४:६ ।

**२२.** "येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ । मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन," यूहन्ना १४:६ ।

**२३.** यसकारण येशूले फेरी तिनीहरुलाई भन्नुभयो, "साच्चै, म तिमीहरुलाई भन्दछु, भेडाहरुको ढोका मै हुँ । मभन्दा अघि आउने सबै चोर र डाँकुहरु हुन्, तर भेडाहरुले

उहाको स्वर सुनेनन् । ढोका म नै हुँ, यदि कोही मानिस मबाट भित्र पस्यो भने त्यो बचाइनेछ, र भित्र-बाहिर आउने-जाने गर्नेछ, र खर्कमा चर्न पाउनेछ," यूहन्ना १०:७-९ ।

**२४.** येशूले फेरी तिनीहरुलाई भन्नुभयो, "म संसारको ज्योति हुँ । मलाई पछ्याउने अन्धकारमा हिँड्डुल गर्नेछैन, तर त्यसले जीवनको ज्योति पाउनेछ ।"यूहन्ना ८:१२

**२५.** येशूले फेरी तिनीहरुलाई भन्नुभयो, "म संसारको ज्योति हुँ । मलाई पछ्याउने अन्धकारमा हिँड्डुल गर्नेछैन, तर त्यसले जीवनको ज्योति पाउनेछ ।" यूहन्ना ८:१२

**अर्थ ट्रेकर्स मिशन ट्रेक्स-द ट्रीजर्स फोर सउथ एशिया श्रृंखलाको पूस्तकहरु:**

नेपालको निम्ति

१. आश्चर्यमय आगोको मन्दिर
२. सबैभन्दा उच्चको चट्टान
३. अन्तहिन चिताको मन्दिर
४. सगरमाथा र एडमण्ड हिलारीको मृत्यु
५. सगरमाथा सम्मको बाटोहरु
६. सगरमाथाको टाकुरामा मसाल
७. विश्वको चुचुरोमा खीष्टको ज्योति

भारतको निम्ति

१. आश्चर्यमय आगोको मन्दिर
२. के म खरानीबाट जन्मन सक्छु ?
३. कालो बादलमा जलेको खरानी बन्न चाहनु हुन्छ ?
४. दोस्रो जन्म र दोस्रो मृत्यु
५. ताज महल भन्दा सुन्दर भवन
६. पर्वको मेरो यात्रा: मेरो भारतको यात्रा र मैले सिकेको कुराहरु
७. सबैभन्दा उच्चको चट्टान
८. ब्रम्हाण्डको त्री-रुपीय झरना

# यो निर्देशिका तपाईंको निम्ति

यो पर्चा प्रभुको जन केन स्ट्रीटले लेख्नुभएको हो ।

सर्वाधिकार © रोड्डी केन्नेथ स्ट्रीट, जुनियरमा सुरक्षित, २००८
www.christian-tracts.net, www.worldwidechristiantracts.net तथा www.onlinechristiantracts.org मा उपलब्ध ८७ भन्दा बढी स्ट्रीट ट्रेक्सहरु (पर्चाहरु) मध्ये एक हो । यी पर्चाहरु www.earth-trekker.org वा www.arkjesus.org तथा www.jesustracts.org साईटहरुमा भेटाउनु सक्नुहुनेछ । विभिन्न प्रकारको पर्चाहरु तथा पुस्तकहरुको निम्ति यी वेबसाईटहरुमा हेर्नुहोस । तपाईंले आफुलाई पायक पर्ने तलको ठेगानामा इमेल पनि पठाउनुसक्नु हुनेछ । इमेल: etracts@yahoo.com, etracts@gmail.com, etracts@hotmail.com, earthtracts@aim.com तथा earthtrek1@hotmail.com

काठमाण्डौमा सम्पर्क गर्न चाहनुहुन्छ भने हामीलाई पत्राचार गर्नुहोस:

खीष्टमा नयाँ यात्रा,
जिपिओ ८९७५ इपिसी २०३०
काठमाण्डौं, नेपाल
इमेल: newjourneyinchrist@hotmail.com

परमेश्वरले निरन्तर पृथ्वीमा कटनी गरिरहनुभएको छ...
किनकि पृथ्वीको परिवर्तन को निम्ति उहाँसँग पहिल्यै देखिको योजना छ ।

मुद्रण: होसन्ना प्रिन्टर्स प्रा. लि. फोन २०८०४६०, मोबाइल: ९८५१०-१०६७३